# बालाजुमा सुती रहेको युवामाथि एसिड  प्रहारः पक्राउ परे श्रीमती

फागुन २७, काठमाडौँ । काठमाडौँको बालाजुमा सुतिरहेको अस्थामा सोमबार राती एक युवकमाथि एसिड प्रहार भएको छ ।

नुवाकोट घर भई हाल बालाजुको  तारकेश्वर नगरपालिका–४, पुरानो गुहेश्वरीमा

बस्दै आईरहेका २७ वर्षीय रामराजा थापामाथि एसिड प्रहार भएको हो ।

एसिड प्रहार गरेको आशंकामा प्रहरीले उनकै श्रीमती   प्रतिमालाई पक्राउ गरेको छ ।

चारैतिर कम्पाउन्डले घेरिएको घरमा बस्दै आएका र रातको समयमा दुई तलामाथि बन्द कोठामा अरु कोही जान नसक्ने भन्दै प्रहरीले श्रीमतीमाथि नै शंका गरी पक्राउ गरेको हो ।

तर प्रमिलाले भने झ्यालमा एसिड राखिएको र आफै बोत्तल खसेर मुखमा पर्न गएको प्रहरीसमक्ष बयान दिएको महानगरीय प्रहरी वृत्त बालाजुका डीएसपी रन्जितसिंह राठौरले जानकारी दिए ।

६ वर्ष अघी  प्रतिमासँग बिवाह गरेका रामराजा एक हप्ताअघि मात्र मनमैजुबाट डेरा सरेर त्यहाँ आएर बसेका हुन् । उनीहरुको ३ महिनाका एक बच्चा पनि छन् ।

हाल त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा उपचार रहेका रामराजाको मुख र हातमा तेजाब लागेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार थापा दम्पत्तिबीच पटकपटक विवाद हुँदै आएको पाइएको छ ।

श्रीमती भन्दा ३ वर्ष कान्छा रहेका रामराजा सवारी चालक हुन् भने उनको श्रीमती प्रतिमा एक होटलमा काम गर्दै आईरहेकी थिईन् ।

घटनाबारे अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

चलचित्र कलाकार संघको संरक्षकबाट नीर शाहले दिए राजीनामा

फागुन २७, काठमाडौँ । विशिष्ट कलाकार नीर विक्रम शाहले कार्य व्यस्तताका कारण जनाउँदै नेपाल चलचित्र कलाकार संघको संरक्षक पदबाट राजीनामा दिएका छन् ।

संघले मंगलबार एक विज्ञप्ती जारी गर्दै उक्त कुराको जानकारी गराएको हो । शाहको राजीनामा स्वीकृति गरिएको जनाउँदै संघले अव संरक्षक पदमा विशिष्ट कलाकर्मी हरिवंश आचार्यलाई नियुक्त गरिएको समेत जानकारी गराएको छ ।

संघले जारी गरिएको विज्ञप्तीमा भनिएको छ, ‘उहाँले आफ्नो कार्यव्यस्तताका कारणले दिनु भएको राजीनामा संघको मिति २०७६ साल फागुन २१ गते बुधबारका दिन बसेको कार्यसमितिको बैठकले स्वीकृत गरेको छ’, मंगलबार जारी विज्ञप्तिमा भनिएको छ, ‘वैठकले नेपाल चलचित्र कलाकार संघको स्थापनाकाल देखि नै पु¥याउनु भएको क्रियाशीलता

एवं योगदानको स्मरण गर्दै उहाँले आफ्नो कार्यकालमा दिनु भएको योगदानलाई हार्दिक धन्यवाद दिने पनि निर्णय गरेको छ ।'

चितुवाले लियो ९ वर्षिया बालिकाको ज्यान

फागुन २७, काठमाडौँ । मंगलबार बैतडीमा चितुवाको आक्रमणबाट एक बालिकाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार  बैतडीको मेलौली नगरपालिका–९ की नौ वर्षीय बालिका सीता लुहार भएको हो ।

प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेका अनुसार बिहान ४ बजेको समयमा ओछ्यानमै चितुवाले  बालिकालाई आक्रमण गरी लगेको थियो ।

बालिकाको शव घरदेखि ५०० मिटर टाढा फेला परेको उपरीक्षक पाण्डेले बताए ।

उनले यसअघि पनि फागुन २१ गते  २५ वर्षीय एक युवकलाई आक्रमण गरी घाइते बनाएको बताए ।

२०६८ सातयता बैतडीमा २५ जनाको नरभक्षी चितुवाले ज्यान लिइसकेको छ ।

श्रीमानको  चिर्पट प्रहारबाट श्रीमतीको घटनास्थलमै मृत्यु

फागुन २७, मोरङ । मोरङमा श्रीमानको चिर्पट प्रहारबाट उनको श्रीमतीको घटनास्थलमै मृत्यु भएको छ ।

सोमबार साँझ मोरङको विराटनगर महानगरपालिका–१२ मलङवामा श्रीमानको चिर्पट प्रहारबाट ७० वर्षीया सगुत्री ऋषिदेवको मृत्यु भएको हो ।

घरायसी विवाद हुँदा उनका श्रीमान ७२ वर्षीय परण ऋषिदेवले दाउराको चिर्पटले प्रहार गरी उनको हत्या गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

प्रहरीका अनुसार घटनास्थलमा अनुसन्धान अधिकृत सहितको टोलीले कानुनी प्रक्रिया पूरा गरी शव परीक्षणको लागि कोशी अस्पताल पठाएको छ भने परणलाई नियन्त्रणमा लिई अन्य थप अनुसन्धान भइरहेको छ ।